नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
जुम्ला

☎ ०८७-५२००१२
☎ ०८७-५२०११२
🖷 ०८७-५२०१८०

मिति :२०७८/०३/२१

## जुम्ला जिल्लाका प्रमुख जिल्ला अधिकारीद्वारा जारी आदेशको निरन्तरता !

हाल पुन: विश्वव्यापी रूपमा फैलिएको नोबेल कोरोना भाइरस कोभिड -१९ नँया भेरियन्ट सहितको दोस्रो लहरको संक्रमण तथा रोगका कारण मृत्यु हुने संख्या दिनानुदिन तिव्ररुपमा बढिरहेको अवस्था छ । नेपालमा पनि नँया भेरीयन्ट सहितको तिव्र संक्रमण र उक्त रोगवाट मृत्यु हुने संख्या दिन प्रतिदिन वृद्धि भएको छ । जुम्ला जिल्लामा पनि कोरोना भाईरसको संक्रमणको परीक्षण गर्ने क्रममा संक्रमितको दर निरन्तर वृद्धि भई समुदायस्तरमा अझै व्यापक फैलिन गएको हुँदा तत्काल तीव्र संक्रमणको साङ्लो तोड्न ( चेन ब्रेक) गरी आम जनसमुदायमा जनस्वास्थ्य प्रति संवेदनशील रही कोभिड -१९ को जोखिम न्यूनीकरण, रोकथाम तथा नियन्त्रण र यसको तिव्र संक्रमण फैलिन नदिनको लागि आम जनसुदायको चासो, चिन्ता रहेको साथै जनताको जिउ ,धनको सुरक्षा गर्ने राज्यको अहम दायित्वलाई दृष्टिगत गरी जिल्ला कोभिड- १९ संकट व्यवस्थापन समितिको मिति २०७८/०३/२१ गते बैठकको निर्णयको सिफारिस एवं जिल्ला सुरक्षा समितिको मिति २०७८।०३।२१ गतेको निर्णायानुसार मिति २०७८।०३।२१ गते राती १२ बजे देखि मिति २०७८/०३/२८ गते राती १२ बजे सम्मका लागी निषेधाज्ञा पूनः जारी गरिएको छ । हालसम्म जिल्ला प्रशासन कार्यालय जुम्लावाट जारी आदेश र सूचना पालना गर्नु / गराउनु भएकोमा सम्पूर्ण जिल्लाबासीहरूमा हार्दिक कृतज्ञता समेत व्यक्त गर्दछौ साथै निषेधाज्ञा अवधिमा निम्नानूसार आदेश पालना गर्न गराउन हुन समेत अनुरोध छ ।

### क) निषेधाज्ञा अवधीमा गर्न नपाईने कार्यहरू:-

१. सबै प्रकारका सभा सम्मेलन, तालिम, सेमिनार, गोष्ठी तथा मानिसहरूको भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सञ्चालन गर्न गराउन नपाईने ।
२. अत्यावश्यक काममा बाहेक कुनै पनि व्यक्ति घरबाट बाहिर, हिडडुल तथा आवत जावत गर्न नपाईने ।
३. खुला स्थानमा मानिसहरूको भेला तथा भिडभाड गर्न, सभा, जुलुस, जात्रा, महोत्सव, पिकनिक तथा भोजभतेर गर्न नपाईने ।
४. विवाह, ब्रतवन्ध सामुहिक रूपमा गरिने संस्कारजन्य कार्यमा बढीमा ७ जनासम्म सहभागी भई र जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड पुरा गरी घर वा आफू बसेको स्थानमा आयोजना गर्न पाइने तर बाहिर अन्यत्र स्थानमा कार्यक्रम सञ्चालन गर्न/ गराउन नपाईने ।
५. शैक्षिक संस्थाहरू (विद्यालय, कलेज,ट्यूसन सेन्टर, तालिम केन्द्र) हरूमा भौतिक उपस्थिति भई पठनपाठन तथा परीक्षा सञ्चालन गर्न/ गराउन नपाईने ।
६. पुजारीबाट नित्य पूजा बाहेक सम्पुर्ण धार्मिक तथा सांस्कृतिक गतिविधि सञ्चालन गर्न/ गराउन नपाईने ।
७. अत्यावश्यक उपभोग्य वस्तुहरूको आपूतिमा कृत्रिम अभाव देखाई मूल्य वृद्धि गर्ने र कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा अवरोध गर्ने व्यक्ति वा समूहलाई तत्काल नियन्त्रणमा लिई प्रचलित कानून बमोजिम कारवाही गरिने ।
८. जिमखाना, कभर्डहल, फूटसल, पुल हाउस, सैलुन र व्युटीपालर लगायतका मानिसहरूको भिडभाड तथा अधिक सम्पर्क हुने व्यवसाय तथा कार्यहरू सञ्चालन गर्न नपाईने ।

### ख) निषेधाज्ञा अवधिमा गर्न पाईने कार्यहरू:-

१. औषधी पसल एवं स्वास्थ्य सामाग्रीका पसलहरू निर्वाध रूपमा सञ्चालन गर्न पाइने ।
२. अनिर्वाय रूपमा मास्क लगाउने, बेला बेलामा साबुन पानी वा सेनिटाइजर प्रयोग गर्ने र कम्तिमा २ मिटर सामाजिक दुरी कायम गर्ने ।
३. दैनिक उपभोग्य खाद्यान्न सामाग्री, लत्ताकपडा, हार्डवेयर, इलोक्ट्रोनिक , स्टेशनरी, प्रिन्टिंग/ प्रेस, तरकारी, फलफूल, दुग्ध तथा डेरी, माछा, मासु र कृषी सामाग्री वेचविखन गर्ने पसलहरू विहान **६ बजे देखि ३** बजे सम्म मात्र खुला गर्न पाइने ।
४. विकास निर्माणका गतिविधि सूचारू गर्न निमार्ण सामाग्री बोकेका सवारी साधन जनस्वास्थ्यका मापदण्ड पालना गरी एक (१) जना चालक र १(एक) जना सहचालक रहने गरी सञ्चालन गर्न पाइने ।
५. बैंक तथा वित्तिय संस्थाको हकमा जनस्वास्थ्य र सुरक्षाका मापदण्ड पालना गरी नेपाल राष्ट्र बैंकको निर्देशानुसार सेवा सूचारू गर्ने व्यवस्था मिलाउने ।
६. होटेल, खाजा घर, चिया पसल तथा रेष्टुरेण्ट जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गरी टेकवेय(Take Way) सेवा सञ्चालन गर्न सकिने ।
७. जिल्ला स्थित सरकारी कार्यालयहरूले आफ्नो सेवाहरू सञ्चालन गर्दा जनस्वास्थ्य तथा सुरक्षाको मापदण्ड पालना गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने ।
८. हाल कृषि लगायतका गतिविधि सञ्चालन हुने समय भएको हुँदा सकभर सम्बन्धित समुदायका मानिसहरू मात्र परिचालन गरी जनस्वास्थ्य तथा सुरक्षाका मापदण्ड परिपालना गरी सञ्चालन गर्ने/ गराउने ।
९. अनिवार्य मास्क लगाउने,बेला बेलामा साबुन पानीले हात धुने वा सेनिटाइजर प्रयोग गर्ने ।

१०. विकास निर्माण कार्य सञ्चालन गर्दा जनस्वास्थ्य तथा सुरक्षा मापदण्डको पूर्ण पालना गरी बढीमा १० जनासम्म कामदार परिचालन गरी कामदारहरूलाई परियोजना/ निमार्ण स्थलभित्रै बसोबासको व्यवस्था मिलाएर विकास निर्माण कार्य संचालन गर्ने, गराउने ।

**ग) आन्तरिक सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा ।**

१. जिल्ला भित्र सञ्चालन हुने निजी तथा सार्वजनिक यातायातहरू सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
२. सार्वजनिक यातायात सञ्चालन गर्दा सिट क्षमताको ५० प्रतिशत मात्रै यात्रु राखेर सञ्चालन गर्न पाइने ।
३. सार्वजनिक यातायात सञ्चालन अवधिभर अनिवार्य रूपमा सेनिटाइजर,मास्क र सामाजिक दूरी लगायतका जनस्वास्थ्य तथा सुरक्षाका मापदण्डको पूर्ण रूपमा परिपालना गर्नु पर्ने ।
४. तोकिएको भाडा दर भन्दा बढी लिइएको पाईएमा प्रचलित कानून बमोजिम कारवाही गरिने ।

**घ) दायित्व तथा जिम्मेवारी:-**

१. कोरोना रोकथाम तथा नियन्त्रण गर्न माथि उल्लेखित आदेशको पूर्ण परिपालना गर्न सबै नागरिकहरूको दायित्व र जिम्मेवारी हुनेछ ।

**ङ) कारवाही तथा सहजीकरण सम्बन्धमा:-**

२. जिल्ला प्रशासन कार्यालय जुम्लाबाट अत्याश्यक कार्यको हकमा जस्तै:- मृत्यु संस्कार, विरामी उपचार तथा कुरूवाको लागि खटिनु परेमा सम्बन्धित स्थानीय तहको सिफारिश तथा आवश्यक कागजातहरू पेश गरेमा मात्र जिल्ला बाहिर यात्रा सहजीकरण तथा समन्वय गरिने ।
३. मजदुर, कामदार, स्वदेशी तथा विदेशी पर्यटक लगायत अन्य नागरिकहरू अलपत्र परेको खण्डमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयसँग समन्वय/ सहजीकरण गर्ने ।
४. निषेधाज्ञा अवधिभर जारी गरिएको आदेशहरूको उल्लंघन गरेमा जो सुकैलाई स्थानीय प्रशासन ऐन, २०२८ तथा कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश,२०७८ बमोजिम कारवाही गरिने व्यहोरा सूचित गरिन्छ ।

विजया कुमारी प्रसाई
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी